# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र

गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १ संख्याः ३२ मितिः २०७६/०७/२१

## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गौमुखी गाउँपालिकाको गाउँकार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०७६ सालको मापदण्ड नं. १**

# दिवा खाजा वितरण मापदण्ड २०७६

**गाउँ कार्यपालिकाबाट पारित मिति : २०७६।०६।१०**

प्यूठान जिल्लाको उत्तरपूर्व रहेको यस गौमुखी गा.पा.मा दलित र जनजातिको वाहुल्यता रहेको साथै दिवा खाजा कार्यक्रमले शैक्षिक गुणस्तर तथा दैनिक उपस्थितिमा टेवा पुग्ने भएकोले गौमुखी गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयमा बालबिकास देखि कक्षा पाँच सम्मका विद्यार्थीहरूलाई गौमुखी गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ मा दिवा खाजा वितरण गर्ने कार्यक्रम रहेकोले सोको वितरणका लागि मापदण्ड बनाउन वाञ्छनीय भएकाले गौमुखी गाउँकार्यपालीकाले दिवा खाजा वितरण मापदण्ड २०७६ बनाई लागू गरेको छ ।

दिवा खाजा वितरण कार्यक्रमका मापदण्डहरू देहायबमोजिम हुनेछन्:

- यो मापदण्ड आ.ब.२०७६/०७७ को लागि मात्र लागु हुनेछ । सामुदायिक बालविकास २ वटा र अन्य विद्यालय ४५ गरी कुल ४७ वटा शैक्षिक संस्थाहरूमा यो कार्यक्रम लागू हुनेछ ।
- विद्यार्थीहरूले उपस्थित भई खाजा वा नास्ता लिइ आएमा दैनिक रुपमा रू १५ का दरले चौमासिक रुपमा एकमुष्ट रकम दिइनेछ ।
- स्थानीय स्तरमा उत्पादन तथा उपलब्ध हुने खाना वा खाजा ल्याउनु पर्नेछ । जङ्क फुड ल्याउन पाईने छैन् । त्यस्तो खाजा वा नास्ता लिएको पाइएमा रकम दिइने छैन ।
- टिफिन बक्स अभिभावकले व्यबस्था गरिदिनु पर्नेछ ।
- एक आर्थिक बर्षमा १८० दिनभन्दा बढीको रकम पाईने छैन ।
- दिवा खाजाको अभिलेख कक्षा शिक्षकको जिम्मामा हुनेछ । सो अभिलेख मासिकरूपमा प्रमाणित गराइ राख्नुपर्नेछ ।
- दैनिक विद्यार्थी उपस्थित र अनुपस्थित विद्यार्थीको साथै उपस्थित भएका तर खाजा वा नास्ता नलिइ आएका विद्यार्थीहरूको मासिक रुपमा अभिलेख राख्नु पर्नेछ । विद्यार्थीले घरबाट खाजा वा नास्ता नलिइ विद्यालय आएमा रकम उपलब्ध हुनेछैन ।
- विद्यालयले विद्यार्थीलाई विद्यालयमा खाजा खुवाउने व्यवस्था गरेमा त्यस्तो विद्यालयलाई खाजावापत रकम निकासा दिईने छैन ।
- दिवा खाजा कार्यक्रमको चौमासिक प्रतिवेदन गौमुखी गा.पा.शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

अन्य व्यवस्था गौमुखी गाउँकार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

आज्ञाले,
राजिब पन्थी
प्रमुख प्रशासकीय अधिकृत